नेपाल सरकार
Government Of Nepal
श्रम तथा रोजगार मन्त्रालय
Ministry of Labour and Employment
श्रम विभाग
Department Of Labour

# नेपालमा श्रम स्वीकृती नलिई गैर कानूनी तवरले काम गरिरहेका गैर नेपाली नागरिकहरुको बारेमा श्रम विभागको अनुरोध

श्रम ऐन, २०४८ (संसोधित) को दफा ४ (क) को उपदफा १, २, ३ र ४ मा उल्लेख भए बमोजिम गैर नेपाली नागरिकलाई नेपालमा काममा लगाउन नपाइने तर सम्बन्धित रोजगारदाता प्रतिष्ठानले राष्ट्रिय स्तरको सार्वजनिक पत्रिकामा विज्ञापन प्रकाशन गर्दा पनि दक्ष प्राविधिक पदको लागि नेपाली नागरिक उपलब्ध नभएमा व्यवस्थापकले सो कुराको प्रमाण सहित गैर नेपाली नागरिक नियुक्ति गर्ने स्वीकृतीका लागि यस विभागमा निवेदन दिन सक्ने कानूनी व्यवस्था छ । सो बमोजिम त्यस्तो निवेदन परी जाचँबुझ गर्दा दक्ष प्राविधिक पदको लागि नेपाली नागरिक उपलब्ध नहुने देखिएमा यस विभागले गैर नेपाली नागरिककलाई काममा लगाउन स्वीकृती दिन सक्ने व्यवस्था भए बमोजिम नेपालका विभिन्न उद्योग, व्यवसाय वा सेवा संचालन गर्ने प्रतिष्ठान वा संस्थाहरु, शिक्षा तथा खेलकुद क्षेत्र, विकास निर्माण आयोजनाहरु, उर्जा सम्बन्धी हाइड्रो पावर परियोजनाहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरका गैर सरकारी संस्थाहरु र निजी क्षेत्रमा स्थापित प्राविधिक विषय सम्बन्धी काम गर्ने संस्था वा कम्पनीहरुले उपर्युक्त कानूनी व्यवस्था बमोजिम श्रम स्वीकृतीका लागि यस विभागमा निवेदन पेश गरी प्रक्रिया पूरा गरेका गैर नेपाली नागरिक मध्ये भारतीय नागरिकलाई प्रति व्यक्ति रु. ५०००।- (पाँच हजार) र अन्य मुलुकका गैर नेपाली नागरिकलाई प्रति व्यक्ति रु. १०,०००।- (दश हजार) सेवा शुल्क लिई यस विभागबाट श्रम स्वीकृती दिने गरिएको छ ।

प्रस्तुत सम्बन्धमा विगत केही वर्षयता नेपालमा विशेष गरी अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (INGOs), हाईड्रोपावर आयोजनाहरु, विभिन्न विकास निर्माण आयोजनाहरु र निजी क्षेत्रमा संचालित केही व्यवसायिक पर्यटकीय संस्थाहरुमा परामर्शदाता एवं प्राविधिक जनशक्तिको रुपमा हजारौं संख्यामा गैर नेपाली नागरिकहरु काम गरिरहेको अवस्था छ । ती मध्ये कतिपय गैर नेपाली नागरिकहरुले यस विभागबाट श्रम स्वीकृती नलिइकन गैर कानूनी रुपले नेपालमा काम गरिरहेका छन् भन्ने व्यापक गुनासो आइरहेको यस सम्बन्धमा श्रम ऐन, २०४८ को कार्यान्वयन प्रभावकारी रुपले गराउनु पर्ने नेपाल सरकारका सम्बन्धित निकायहरुको दायित्व समेत भएकोले यस विभागको श्रम स्वीकृती वेगर कुनै पनि पदमा गैर नेपाली नागरिकहरुलाई काममा नलगाउनु हुन अनुरोध गरिन्छ ।

केदार बोगटी
२०७२।३।७
(केदार बहादुर बोगटी)
महानिर्देशक

"जनमुखी प्रशासनः अनुशासन र सुशासन"
मीनभवन, काठमाडौं, फोनः ४१०७११७, ४१०७१९, ४१०७२० फ्याक्सः ४१०७२८८
इमेलः info@dol.gov.np वेभः www.dol.gov.np